वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १०७ २०८३ साउन २९ गते शुक्रबार, नेपाल सम्वत् ११४६ August 14, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-

## तनहुँको वार्षिक प्रगति समीक्षा कार्यक्रम

# देश बनाउन सबैले सहकार्य गर्नु जरुरी छ : अर्थमन्त्री वाग्ले

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला समन्वय समिति तनहुँले विहीबार र शुक्रबार गरी दमौलीमा दुई दिने वार्षिक प्रगति समिक्षा कार्यक्रम आयोजना गरेको छ । वार्षिक प्रगति समिक्षा कार्यक्रमलाई विहीबार सम्बोधन गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक आग्रहपूर्वाग्रह त्यागेर सबैपक्ष एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

देशलाई नयाँ उचाइमा पुऱ्याउने स्पष्ट योजनासहित वर्तमान सरकार अघि बढिरहेको बताउँदै उनले सबैले आपसी सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिए। उनले भने, 'सरकार सुशासन र सुधारलाई प्राथमिकतामा राखेर सरकार अघि बढिरहेको छ । सरकारको पहिलो वर्षलाई सुधारको वर्ष, दोस्रोलाई सुशासनको वर्षका रूपमा लिइएको जनाउँदै तेस्रो र चौथो वर्षमा त्यसको नतिजा देखिने गरी योजनाबद्ध रूपमा काम भइरहेको छ ।'

'यो जनताले आशा गरेको सरकार हो । देश बनाउन सबै मिलेर अघि बढौँ । गलत सोच त्यागौँ, देशलाई उचाइमा सहकार्य र समन्वय गरौँ', अर्थमन्त्री वाग्लेले भने, 'मुलुकलाई समृद्ध बनाउने स्पष्ट योजना लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा आएको हो । जनताको अपेक्षा पूरा गर्न सरकार प्रतिबद्ध छ ।'

'सुशासनको जगमा टेकेर सबै मन्त्रालयमा दैनिक रूपमा सुधारका काम भइरहेका छन् । कतिपय ठाउँमा गलत भए तत्कालै सुधार गरेर अगाडि बढिरहेका छौँ', उनले बताए । त्यसको सफल उदाहरण देखिसकिएको उल्लेख गरे । उनले भने, 'धान्न सक्नेगरी स्वास्थ्य बिमाको ढाँचा जाने गरी सरकारले काम अगाडि बढाएको छ । निम्न वर्गलाई लक्षित गरी विगतका सरकारले ल्याएका सकारात्मक कामलाई यस वर्ष यथावत राखिएको छ ।'

उक्त कार्यक्रममा तनहुँ क्षेत्र श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनलगायत विषयमा सहकार्य र समन्वयको आवश्यकता औल्याएका थिए ।

शुक्रबारसम्म सञ्चालन हुने समिक्षा कार्यक्रममा जिल्लास्थित स्थानीय तह, प्रदेश र संघीय सरकार मातहतका कार्यालयका




अर्थमन्त्री डा वाग्लेले सुशासनबिना मुलुकको आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भन्दै सरकारी संयन्त्रलाई प्रभावकारी र जवाफदेही बनाउन आवश्यक रहेको बताए । सरकारले सुशासन कायम गर्ने विषयमा कुनै सम्झौता नगर्ने उनको भनाइ छ ।

अर्थमन्त्री डा वाग्लेले पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउँदै ऊर्जामा नं. २ का प्रतिनिधिसभा सदस्य श्रीराम न्यौपानेले विकास निर्माणलाई गति दिन पूर्वाधार अदालतको प्रक्रिया अगाडि बढेको जानकारी दिए ।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेको अध्यक्षतामा आयोजित वार्षिक प्रगति समिक्षा कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, जितप्रकाश आले, अशोककुमार आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका काम र समस्याबारे छलफल गरिने जिल्ला समन्वय अधिकारी शिव प्रसाद रिजालले जानकारी गराए ।

यसैबीच, अर्थमन्त्री डा वाग्लेले बन्दीपुरमा सञ्चालित जीप सफारीले यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताएका छन् । बन्दीपुरस्थित टुँडिखेलबाट बन्दीपुर

बाँकी तेश्रो पेजमा

# रोल्पा पहिरो : मृत्यु हुनेको संख्या १० पुग्यो, ३ अझै बेपत्ता

भञ्ज्याङ समाचारदाता/रोल्पा

रोल्पाको थबाङ गाउँपालिका–५ कोटलबारामा अविरल वर्षापछि गएको पहिरोमा परी मृत्यु हुनेको संख्या १० पुगेको छ । रोल्पाका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले पहिरोमा परी मृत्यु हुनेको संख्या १० पुगेको बताएका हुन् ।

मृत्यु हुनेहरूमा १८ वर्षीया शान्ति पुन मगर, ६० वर्षीय





कमलबहादुर पुन मगर, ८० वर्षीया मनरखी पुनमगर, ७५ वर्षीय डलबहादुर पुन मगर, ८५ वर्षीया हस्तकला रोका मगर छन् ।

रोल्पाको सुलिचौर नजिक लाम्पा खोला र प्युठानको माडी नदीको विभिन्न स्थानमा थप पाँच जनाको शव फेला परेको थियो । तीमध्ये ३८ वर्षीया जुनकुमारी पुन, ९ वर्षीय अशिम पुन र ५ वर्षीय अशोक पुनको पहिचान भएको छ।

त्यसैगरी तीन जना बेपत्ता रहेका छन् भने गम्भीर घाइते भएका थबाङ गाउँपालिका–५ कै बर्ष २२ का हिमाल पुन मगर र वर्ष २५ का संजय घर्ती मगरलाई थप उपचारको लागि प्रादेशिक अस्पताल बुटवल रिफर गरिएको रोल्पा प्रहरीले जनाएको छ ।

रोल्पा प्रहरीका अनुसार पहिरोले ९ वटा घर, १ घुम्ती पसल, २ वटा गोठ र १ वटा चर्च गरी १३ वटा संरचना पुरेको थियो।

रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले घटनास्थलमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले उद्धार खोजी कार्य जारी राखेको बताए ।

घटनापछि इलाका प्रहरी कार्यालय उवाबाट परिचालन भएको प्रहरी र स्थानीयले रातीदेखि उद्धार सुरू गरेका थिए । सदरमुकामबाट प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्री, प्रहरी प्रमुख डिएसपी पंचकुमार बाखु, नेपाली सेनाका कर्णेल दीपेश खड्का, सशस्त्र डिएसपी कालीप्रसाद चौधरी सहितको उद्धार टोली घटनास्थल पुगेका थिए ।

बिहीबार दिउँसो घटनास्थलमा लुम्बिनी प्रदेश प्रहरी प्रमुख डिआइजी भूपेन्द्र बहादुर खत्रीसहित स्वास्थ्यकर्मीको टोली पुगेको थियो ।

# तनहुँसहित गण्डकीका नौ जिल्लामा डेङ्गी फैलियो

भञ्ज्याङ समाचारदाता/गण्डकी

यस वर्ष गण्डकी प्रदेशका नौ जिल्लामा डेङ्गीको संक्रमण देखिएको छ। गत मङ्गलबारसम्ममा ८३९ जनामा संक्रमण पुष्टि भएको प्रादेशिक रोग नियन्त्रण केन्द्रले जनाएको छ। सबैभन्दा बढी बागलुङमा ३६६, कास्कीमा २२२, गोरखामा ९९, तनहुँ ६४, म्याग्दी ३३, पर्वत २१, लमजुङ १७, स्याङ्जा १३ र नवलपुरमा चार जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको हो ।

हिमालपारिको जिल्ला मुस्ताङ र मनाङमा अहिलेसम्म डेङ्गी संक्रिमत नभेटिएका केन्द्रका जनस्वास्थ्य अधिकृत पार्वती ढुङ्गानाले बताइन । अंग्रेजी महिना जुलाई लागेयता संक्रमितको संख्या वृद्धि भएको उनको भनाइ छ। सो महिनामा मात्र ३९७ जनामा डेङ्गी पुष्टि भएको थियो । अगष्ट लागेपछि २१९ जनामा संक्रमण देखिएको जनस्वास्थ्य अधिकृत ढुङ्गानाले जानकारी दिइन्। अधिकांश डेङ्गी संक्रमित बागलुङ नगरपालिका र पोखरा महानगरपालिकामा रहेका उनको भनाइ छ ।




बागलुङ नगरपालिकामा ३५९ र पोखरा महानगरपालिकामा २१३ जनामा संक्रमण देखिएको हो । प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका प्रमुख प्रवीण शर्माले डेङ्गी संक्रमण रोक्न 'खोज र नष्ट गर' अभियान सुरू गरिएको बताइन् । समयमा नियन्त्रण र रोकथाम गर्न नसके डेङ्गी संक्रमण थप बढ्ने उनको भनाइ छ ।

डेङ्गी फैलाउने लामखुट्टेको बासस्थान नष्ट गरी जीवनचक्र खल्बल्याउन कास्कीलगायत अन्य जिल्लामा पनि उक्त अभियान सञ्चालन गरिएको छ । डेङ्गी नियन्त्रण तथा रोकथामका लागि हरेक व्यक्ति र परिवार जिम्मेवार हुनुपर्ने प्रमुख शर्माले बताए। डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उनको भनाइ छ ।

डेङ्गीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने उनले बताए । संक्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले उक्त रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गीबाट बच्ने उत्तम उपाय भएका चिकित्सक बताउँछन् ।

डेङ्गी संक्रमणपछि बान्ता

बाँकी तेश्रो पेजमा

# निर्यातभन्दा आयात पाँचगुणा बढी

भञ्ज्याङ समाचारदाता/दमौली

गण्डकी प्रदेशको प्रवेशद्वार आँबुखैरेनीस्थित कृषि तथा पशुपक्षी नियमन इकाइबाट पछिल्लो छ महिनाको अवधिमा निर्यातभन्दा आयात पाँचगुणाले बढी भएको छ। इकाइबाट प्राप्त तथ्याङ्क अनुसार ५४२ मेट्रिकटन तरकारी तथा फलफूल निर्यात हुँदा दुई हजार ९०७ मेट्रिकटन आयात भएको कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम अधिकारीले जानकारी दिए।

उक्त अवधिमा २६६ मेट्रिकटन तरकारी निर्यात हुँदा एक हजार ५९६ मेट्रिकटन तरकारी आयात भएको छ । १९८ मेट्रिकटन फलफूल निर्यात हुँदा ७३८ मेट्रिकटन फलफूल आयात भएको छ। खाद्यान्नबालीतर्फ ७८ मेट्रिकटन निर्यात हुँदा ५७३ मेट्रिकटन आयात भएको छ। तनहुँ, गोरखा, कास्की, लमजुङले निर्यात गर्दा चितवन, धादिङ, गोरखा, मकवानपुर र नवलपुरले आयात गर्ने गरेका छन् ।

कार्यालयको तथ्याङ्कअनुसार तनहुँ हुँदै कृषिउपज मुख्य रूपमा गोरखा, कास्की र लमजुङ जिल्लामा निर्यात हुने गरेका छन्। विशेषगरी मौसमी तरकारी, फलफूल तथा स्थानीय उत्पादनको माग ती जिल्लामा रहेकाले निर्यात हुने गरेको अधिकारीको भनाइ छ ।

तनहुँ जिल्ला हुँदै चितवन, धादिङ, गोरखा, मकवानपुर र नवलपुर जिल्लाबाट आयात हुने गरेको छ। गण्डकी प्रदेशका विभिन्न जिल्लामा पर्याप्त उत्पादन नहुने मौसममा तरकारी तथा फलफूल बाहिरी जिल्लाबाट भित्रिने गरेको अधिकारीले बताए ।

अधिकारीका अनुसार तनहुँमा व्यावसायिक तरकारीखेती, सुन्तलाजात फलफूल, धान, मकै तथा अन्य खाद्यान्न उत्पादनमा कृषकको आकर्षण बढ्दै गएको छ। सिँचाइ, कृषि सडक, प्रविधि र बजार व्यवस्थापनमा थप सुधार गर्नसके जिल्लाको उत्पादन क्षमता अझ वृद्धि हुने सम्भावना रहेको उनको भनाइ छ ।

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवा स्वरोजगार

नेपालको सामाजिक–आर्थिक संरचनाको सबैभन्दा ठूलो विडम्बना के हो भने यहाँका लाखौँ युवा आफ्नो भविष्य खोज्न विदेशिन बाध्य छन्। गाउँघरका उर्वर खेतबारी बाँझो छन्, तर ती खेतबारी जोत्ने हातहरु खाडी, मलेसिया र कोरियातिर पसिना बगाइरहेका छन्। विदेशमा पसिना बगाउने ती युवाहरूले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्रलाई चलायमान त बनाइरहेको छ, तर त्यसको दिगो र उत्पादनमुखी उपयोग नहुँदा आर्थिक विकासको गहिरो जरा गाड्न सकिएको छैन। अर्बौं रूपैयाँ रेमिटेन्स मुलुकमा भित्रिन्छ, तर त्यो रकम उपभोगमै खर्च भएर फेरि विदेशिने चक्रमा मिसिन्छ। यसले हाम्रो आर्थिक सोच र नीति निर्माणमा गम्भीर प्रश्न खडा गरेको छ । नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरिसकेको छ। संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ– संघ, प्रदेश र स्थानीय। यीमध्ये जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह हो। गाउँघरमै रोजगारी सिर्जना गरेर युवालाई देशमै रोक्न सकिने सबैभन्दा प्रभावकारी माध्यम पनि यही तह हो। तर विडम्बना के छ भने तीनवटै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा युवालाई स्थायी रूपमा स्वदेशमै स्वरोजगार बनाउने ठोस रणनीति अझै स्पष्ट रूपमा देखिएको छैन। स्वरोजगारका नाममा सतही कार्यक्रम, सीमित बजेट र फोटासेशनमुखी गतिविधि मात्र दोहोरिँदै आएका छन् । यसले युवाको समस्या समाधान गर्नुको सट्टा झन् निराशा थपिरहेको छ ।

आजको युवापुस्ता गम्भीर अन्योलमा छ। पढेर के गर्ने? रोजगारी छैन। खेतीपाती गरौँ भने जग्गा छैन, भए पनि सीप र प्रविधिको अभाव छ। सीप छ भने उत्पादनको बजार छैन। विदेश जान चाह्यो भने ठूलो खर्च जुटाउनुपर्ने बाध्यता छ। यसरी बहुपक्षीय समस्यामा फसेका युवाहरूलाई मार्गदर्शन, अवसर र विश्वासको आवश्यकता छ। यस्तो अवस्थामा उनीहरूको सबैभन्दा ठूलो सहारा बन्न सक्ने संस्था स्थानीय सरकार नै हो । स्थानीय तहले आफ्नो क्षेत्रभित्रका युवाहरूको अवस्था पहिचान गरेर उनीहरूको आवश्यकता अनुसार शिपमूलक, जानकारीमूलक र प्रतिस्पर्धात्मक तालिम सञ्चालन गर्न सक्छ। लोक सेवा आयोग तथा अन्य सरकारी सेवाका तयारी कक्षा सञ्चालन गरेर हजारौँ युवालाई स्वदेशमै जागिरका लागि तयार पार्न सकिन्छ। यसैगरी कृषि, पशुपालन, साना उद्योग वा पर्यटन व्यवसाय गर्न चाहने युवाहरूलाई उद्यमशीलता विकास तालिम, सहुलियत ऋण, अनुदान, प्रविधि र बजार व्यवस्थापनजस्ता सहयोग उपलब्ध गराउन सकिन्छ। यसका लागि स्थानीय सरकारले "गाउँमै रोजगारी" जस्तो नमुना अभियान सञ्चालन गर्न सक्छ। यस अभियान अन्तर्गत जग्गा नभएका युवालाई सहमतिका आधारमा जग्गा प्रयोगको व्यवस्था गर्ने, बीउबिजन, मल, औजार र तालिम उपलब्ध गराउने तथा उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने व्यवस्था गर्न सकिन्छ। विदेश जान चाहने युवाले खर्च गर्न लागेको रकम यहीँ उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्न सके ग्रामीण अर्थतन्त्र चलायमान बन्न सक्छ। यसले आयातमुखी अर्थतन्त्रलाई क्रमशः उत्पादनमुखी दिशातर्फ लैजान मद्दत पुऱ्याउनेछ ।

आज नेपालको गाउँघर युवाविहीन बन्दै गएका छन्। काम गर्ने उमेरका अधिकांश मानिस विदेशिएपछि गाउँको उत्पादन घट्दो छ र विकासका आधारहरु कमजोर हुँदै गएका छन्। यदि युवाहरु गाउँमै फर्किएर स्वरोजगार बन्न सके भने मात्र गाउँको जीवन्तता फर्कन सक्छ। त्यससँगै स्थानीय अर्थतन्त्र बलियो बन्नेछ र समग्र मुलुकको समृद्धिको आधार तयार हुनेछ। यही सन्दर्भमा हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनले नयाँ राजनीतिक सन्देश दिएको छ। जनताले दिएको मतबाट बनेको दुईतिहाइको बलियो सरकारले अब राजनीतिक स्थिरतालाई मात्र होइन, आर्थिक रूपान्तरणलाई पनि प्राथमिकता दिनुपर्नेछ। विगतमा अस्थिर सरकार र कमजोर निर्णय क्षमताका कारण धेरै नीति कार्यान्वयन हुन सकेनन्। तर अहिलेको बलियो जनादेशले सरकारलाई दीर्घकालीन सुधार र ठोस कार्यक्रम अघि बढाउने अवसर दिएको छ। यो अवसरलाई सही रूपमा प्रयोग गर्न सके सरकारले युवालाई केन्द्रमा राखेर राष्ट्रिय विकास रणनीति निर्माण गर्नुपर्छ। स्थानीय तहसँग सहकार्य गर्दै उत्पादन, रोजगारी र उद्यमशीलतामुखी कार्यक्रमलाई प्राथमिकता दिनु अहिलेको आवश्यकता हो। नीति निर्माणदेखि बजेट विनियोजनसम्म युवालाई देशमै अवसर दिने लक्ष्य स्पष्ट रूपमा देखिनु जरूरी छ। सरकारले युवालाई तिर्खा लाग्दा पानी दिएर होइन, इनार खन्ने उपाय दिनुपर्छ। शिक्षा, सीप, स्रोत र सम्भावनालाई एकीकृत गर्दै युवाको ऊर्जा स्वदेशमै उपयोग गर्न सके मात्र नेपालको समृद्धिको सपना साकार हुन सक्छ। बलियो सरकारको वास्तविक परीक्षा पनि यही हो– युवालाई विदेशिन बाध्य बनाउने परिस्थितिलाई अन्त्य गरेर देशभित्रै आशा र अवसरको वातावरण सिर्जना गर्नु ।

bhanjyangnews.com

# सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा

♦ राज कार्की

नेपाल आज एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ । देशको ठूलो जनशक्ति युवा छ । युवासँग ऊर्जा छ, सिर्जनशीलता छ, नयाँ कुरा सिक्ने क्षमता छ र परिवर्तन गर्ने साहस पनि छ तर यही युवा जनशक्ति आज रोजगारी, उद्यम, सीप र भविष्यको सुनिश्चितताको खोजीमा छ । कोही विदेश जाने तयारीमा छ, कोही वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा केही गर्न चाहन्छ, कोही सानो व्यवसाय सुरू गर्ने सपना बोकेर बैंक तथा सरकारी कार्यालयको ढोका चहारिरहेको छ । यस्तो अवस्थामा युवाको अपेक्षा केवल सरकारले दिने आर्थिक सुविधा वा अनुदानमा सीमित हुनु हुँदैन ।

युवाले खोजेको वास्तविक कुरा अवसर हो, आत्मनिर्भर हुने वातावरण हो, आफ्नो सीपको सम्मान हो र आफ्नो श्रमबाट भविष्य निर्माण गर्ने बाटो हो । नेपाल सरकारले राष्ट्रिय युवा नीति २०८२ अघि सारेको छ । मन्त्रालयले पनि युवालाई शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील बनाउँदै राष्ट्र निर्माणमा परिचालन गर्ने विषयलाई महत्वपूर्ण मानेको छ। अब चुनौती नीति बनाउने मात्र होइन, त्यसलाई युवाको दैनिक जीवनमा महसुस हुनेगरी कार्यान्वयन गर्नु हो। त्यसैले आजको आवश्यकता स्पष्ट छ– सहज सुविधा होइन, सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।

**अनुदान समस्याको समाधान होइन**

युवालाई आर्थिक सहयोग गर्नु आवश्यक हुनसक्छ तर एकपटक अनुदान दिएरमात्रै युवाको भविष्य सुरक्षित हुँदैन। बरू त्यस्तो सहयोगलाई सीप, व्यवसाय र उत्पादनसँग जोड्न सकिएमा त्यसको प्रभाव दीर्घकालीन हुन्छ । मानौँ, कुनै युवालाई सिलाइ मेसिन दिइयो । मेसिन पाउनु राम्रो कुरा हो तर त्यसपछि के त ? भन्ने प्रश्न आउँछ । उसलाई आधुनिक डिजाइन सिकाइयो कि सिकाइएन ? बजार कहाँ छ भनेर जानकारी दिइयो कि दिइएन ? डिजिटल मार्केटिङ सिकाइयो कि सिकाइएन ? बैंकिङ तथा लेखा व्यवस्थापनको ज्ञान दिइयो कि दिइएन ? उत्पादनलाई ब्रान्ड बनाएर बिक्री गर्ने अवसर दिइयो कि दिइएन ? भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

यदि यी प्रश्नको उत्तर छैन भने मेसिन एउटा सामान मात्र बन्न सक्छ तर मेसिनसँगै सीप, बजार, प्रविधि, वित्तीय ज्ञान र उद्यमशीलता जोडियो भने त्यही मेसिन एउटा रोजगारीको केन्द्र बन्नसक्छ। त्यसैले अबको युवा नीति 'युवालाई के दिने?' भन्दा 'युवालाई के गर्न सक्ने बनाउने ?' भन्ने प्रश्नबाट निर्देशित हुनुपछ।

**सीपलाई दोस्रो दर्जाको काम नठानौँ**

नेपालमा अझै पनि एउटा सामाजिक सोच परिवर्तन गर्न आवश्यक छ– सीपमूलक कामलाई सानो काम ठान्ने प्रवृत्ति । हामीले डिग्रीलाई सम्मान गर्छौँ तर सीपलाई त्यति सम्मान गर्दैनौँ । कार्यालयको जागिरलाई प्रतिष्ठित ठान्छौँ, तर आफ्नो हातको सीप प्रयोग गरेर व्यवसाय गर्ने व्यक्तिलाई त्यति महत्व दिँदैनौँ । यो सोच परिवर्तन नगरी युवा आत्मनिर्भर बन्न सक्दैन । टेलरिङ, बुनाइ, काष्ठकला, धातुकला, हस्तकला, कृषि, पर्यटन, होटल व्यवसाय, निर्माण, सौन्दर्य सेवा, सूचना प्रविधि, डिजाइन तथा अन्यअ प्राविधिक क्षेत्रमा सीप भएका युवाले देशको अर्थतन्त्रमा ठूलो योगदान दिन सक्छन् ।

म आफैं परम्परागत सीपसँग जोडिएको व्यवसायमा काम गरिरहेको युवा व्यवसायी भएकाले मैले नजिकबाट देखेको कुरा हो– सीप पुरानो हुन सक्छ, तर सोच कहिल्यै पुरानो हुनु हुँदैन । परम्परागत टेलरिङलाई आधुनिक फेसन उद्योगमा बदल्न सकिन्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय ब्रान्ड बनाउन सकिन्छ । हातको सीपलाई डिजिटल प्रविधिसँग जोड्न सकिन्छ । यही परिवर्तनका लागि युवा नीतिले प्रोत्साहन दिनुपर्छ ।

**विदेश जाने बाध्यता कम गरौँ**

वैदेशिक रोजगारी नेपाली युवाको एउटा महत्वपूर्ण विकल्प बनेको छ । विदेश गएर आफ्नो परिवार र देशको अर्थतन्त्रमा योगदान गर्ने युवाको श्रमको सम्मान हुनुपर्छ। तर प्रश्न अर्को पनि छ– नेपालमै युवाले भविष्य देख्न सक्ने वातावरण हामीले कहिले बनाउने ? यदि एउटा युवा नेपालमा बसेर आफ्नो सीप प्रयोग गरी राम्रो आम्दानी गर्न सक्छ, सानो व्यवसायलाई ठूलो बनाउन सक्छ र अरु पाँच वा दस जनालाई रोजगारी दिन सक्छ भने त्यसले देशको अर्थतन्त्रमा अझ ठूलो योगदान पुऱ्याउन सक्छ । त्यसैले 'विदेश नजाऊ' भनेर मात्र युवालाई रोक्न सकिँदैन । देशमै रोजगारी, बजार, पूँजी, प्रविधि र सम्मान दिनुपर्छ । युवाले नेपालमै सम्भावना देख्न थालेपछि मात्र वैदेशिक रोजगारीको बाध्यता क्रमशः कम गर्न सकिन्छ ।

**शिक्षा र सीपबीचको दूरी हटाउनुपर्छ**

नेपालको शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ । सबै युवाले एउटै बाटो रोज्नुपर्छ भन्ने छैन। कसैलाई विश्वविद्यालयको शिक्षा आवश्यक हुन्छ, कसैलाई प्राविधिक शिक्षा, कसैलाई व्यवसायिक तालिम र कसैलाई आफ्नै व्यवसाय सञ्चालन गर्ने सीप । विद्यालय तहदेखि नै युवालाई 'सिक र कमाउ' अर्थात् सिक्दै कमाउने संस्कृतिसँग जोड्न सकिन्छ। फेसन डिजाइन, टेलरिङ, कृषि प्रविधि, होटल व्यवस्थापन, डिजिटल मार्केटिङ, इलेक्ट्रिकल, प्लम्बिङ, निर्माण, हस्तकला, सौन्दर्य सेवा, सूचना प्रविधिजस्ता क्षेत्रमा व्यवहारिक शिक्षा विस्तार गर्नुपर्छ । विशेषगरी फेसन उद्योग र परम्परागत सीपलाई प्राविधिक शिक्षासँग जोड्नुपर्ने आवश्यकता छ। नेपालमा उत्पादन हुने कपडा, नेपाली डिजाइन, हस्तकला र स्थानीय सीपलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिने ठूलो सम्भावना छ ।

**युवालाई उद्यमी बनाउने वातावरण**

युवा व्यवसायी बन्न चाहन्छ, तर व्यवसाय सुरू गर्दा अनेकौं समस्या आउँछन्। व्यवसाय दर्ता, कर प्रणाली, बैंक ऋण, धितो, बजार, प्रविधि, कर्मचारी व्यवस्थापन र सरकारी प्रक्रियाले धेरै युवालाई निरूत्साहित गर्छ । त्यसैले युवा उद्यमीका लागि एकद्वार सेवा, सरल दर्ता प्रक्रिया, सहुलियतपूर्ण ऋण, व्यवसायिक परामर्श, डिजिटल सेवा र बजारसँग जोड्ने कार्यक्रम आवश्यक छ। युवालाई ऋण मात्र दिएर पुग्दैन । ऋणसँगै व्यवसाय सञ्चालन गर्ने ज्ञान पनि दिनुपर्छ। सरकार, बैंक, निजी क्षेत्र, शैक्षिक संस्था र युवा उद्यमीबीच सहकार्यको बलियो प्रणाली विकास गर्नुपर्छ।

युवालाई केवल रोजगारी खोज्ने जनशक्तिका रूपमा हेर्नु गलत हो । युवा स्वयं रोजगारी सिर्जना गर्न सक्ने शक्ति हो । एउटा सफल युवा उद्यमीले आफूसँगै अरु धेरै युवालाई रोजगारी दिनसक्छ । एउटा सानो सिलाइ व्यवसाय ठूलो उत्पादन केन्द्र बन्नसक्छ । एउटा सानो कृषि व्यवसाय प्रशोधन उद्योग बन्नसक्छ। एउटा स्थानीय हस्तकला व्यवसाय अन्तर्राष्ट्रिय ब्रान्ड बन्नसक्छ । त्यसैले युवा नीति रोजगारी खोज्ने युवाबाट रोजगारी सिर्जना गर्ने युवातर्फ केन्द्रित हुनुपर्छ। यसका लागि सफल युवा उद्यमीको अनुभवलाई पनि नीति निर्माणमा समेट्नुपर्छ । नीति कागजमा मात्र होइन, व्यवसाय सञ्चालन गरिरहेका युवाको वास्तविक अनुभवमा आधारित हुनुपर्छ ।

सम्मान पनि रोजगारी जत्तिकै महत्वपूर्ण छ । युवालाई आर्थिक अवसरसँगै सामाजिक सम्मान पनि चाहिन्छ। हामीले श्रमको सम्मान गर्न सिक्नुपर्छ। किसान, टेलर, कालिगढ, डिजाइनर, प्राविधिक, उद्यमी, कलाकार वा डिजिटल क्षेत्रमा काम गर्ने युवा–सबै राष्ट्र निर्माणका साझेदार हुन् । काम सानो वा ठूलो हुँदैन; कामप्रतिको इमानदारी, सीप र सोच ठूलो हुन्छ । जब समाजले युवाको सीपलाई सम्मान गर्न थाल्छ, युवाले पनि आफ्नो श्रमप्रति गर्व गर्न थाल्छ ।

> **हामीले युवालाई हात फैलाउने होइन, हातले अवसर सृजना गर्ने बनाउनुपर्छ । युवालाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सृजना गर्ने बनाउनुपर्छ। युवालाई विदेश जाने बाध्यतामा होइन, नेपालमै सम्भावना देख्ने आत्मविश्वासमा उभ्याउनुपर्छ । परम्परागत सीपलाई आधुनिक प्रविधिसंग जोडौं । स्थानीय उत्पादनलाई ब्रान्ड बनाऔं। युवाको श्रमलाई सम्मान गरौं । उद्यमलाई प्रोत्साहन गरौं । सीपलाई शिक्षासंग जोडौं । सरकारी नीतिलाई बजार र उत्पादनसंग जोडौं ।**

**परिणाममुखी युवा नीतिको खाँचो**

अब हामीले युवा नीति कागजमा कति राम्रो छ भनेर मात्र बहस गर्ने होइन, त्यसको परिणाम के आयो भनेर हेर्नुपर्छ। कति युवाले सीप पाए ?, कति युवाले व्यवसाय सुरू गरे? कति रोजगारी सिर्जना भयो?, कति युवा विदेश जानुपर्ने बाध्यताबाट रोकिए ? कति परम्परागत सीप आधुनिक उद्योगमा रूपान्तरण भए?, कति युवा उद्यमी बजारसँग जोडिए ? यस्ता प्रश्नको उत्तर दिने गरी परिणाममा आधारित युवा नीति आवश्यक छ । युवालाई लाभग्राहीको सूचीमा राखेर मात्र देशको भविष्य बदलिँदैन । युवालाई नीति निर्माण, कार्यान्वयन र मूल्याङ्कनको प्रक्रियामै सहभागी गराउनुपर्छ।

अन्त्यमा, नेपालका युवामा क्षमता छैन भन्ने होइन। अवसरको कमी छ। युवा मेहनत गर्न चाहन्छ, सिक्न चाहन्छ, व्यवसाय गर्न चाहन्छ, नयाँ सिर्जना गर्न चाहन्छ। उसलाई आवश्यक छ– सही नीति, सहज वातावरण, पूँजीमा पहुँच, बजार, प्रविधि र सम्मान । सरकारले युवालाई केही समयका लागि आर्थिक सुविधा दिएर सहयोग गर्न सक्छ तर सीप, रोजगारी र उद्यमको वातावरण निर्माण गरेर मात्र दीर्घकालीन

बाँकी तेस्रो पेजमा

## तपाईंको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| अतिथिका रूपमा सम्मान पाइनेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिनेछ। | आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। खर्चिलो काम थाल्नाले बीचमा समस्या पर्न सक्छ। | प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्ला। | पुरानो समस्या सुल्झनेछन्। उपलब्धिले जीवनशैलीमा परिवर्तन आउनेछ। केही मात्रामा ऋणमोचन हुने सम्भावना छ। | अवसरले उत्साह जगाउने देखिन्छ। केही घरायसी समस्याले पिरोल्न सक्छ। आफन्त टाढिन सक्छन्। | अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। अध्ययन र व्यापारमा सामान्य प्रगति हुनेछ। |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| बलभन्दा बुद्धिको उपयोगले काम लिन सकिनेछ। मिहिनेतीहरूलाई सामान्य फाइदा भइरहनेछ। | दिन केही संघर्षमय रहने देखिन्छ। जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्नेछ। | सोख र हडबडीले केही समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखारता आउने समय छ। | परिस्थिति केही कमजोर बन्न सक्छ। विवादास्पद कामको जिम्मेवारी आउनेछ भने खर्च पनि बढ्ने सम्भावना छ। | कामको मेसो नमिल्दा केही अलमल हुनेछ। स्वास्थ्य कमजोर हुनाले अध्ययनमा सोचेको प्रगति नहुन सक्छ। | हडबडले काम बिग्रनेछ भने धैर्य एवं मिहिनेतले मात्र फाइदा उठाउन सकिनेछ। वादविवादमा अघि नसर्नुहोला। |



**बुङ आलु खन्दै किसान** : ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका–६ जन्तरधाप क्षेत्रमा लगाइएको अर्गानिक बुङ आलु खन्दै कृषक । दुई हजार ४०० मिटरभन्दा माथिको उचाइमा परम्परागत विधिबाट पाँचदेखि १० वर्ष जमिन बाँझो राखेपछि त्यसमा उम्रिएको झारपातको चपरीलाई साना साना थुप्रोमा पाखैभरि थुपारेर आगोले पोलेपछि तयार पारिएको बुङमा रासायनिक मल र विषादी प्रयोग नगरी आलु उत्पादन गर्ने गरिन्छ। माघदेखि फागुन महिनामा रोपिने बुङ आलु साउन भदौको सिजनमा कृषकहरूले खन्ने गर्छन् । ठाडे जन्तरखानी क्षेत्रमा उत्पादित बुङ आलुको अर्गानिक प्रमाणीकरण भएपछि किसानले आफ्नै ब्रान्ड र प्याकेजिङमा सक्कली पहिचानसहित बजारमा पठाउने तयारी गरेका छन् ।

*तस्बिर : नवराज कार्की/रासस*

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## तनहुँसहित गण्डकीका ...........

भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए अस्पतालको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ । असारदेखि कात्तिकसम्म डेङ्गीको संक्रमण बढी फैलने गर्छ ।

डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गर्छ । यो लामखुट्टेले दिनमा मात्र टोक्ने भएकाले लामो बाहुला भएको लुगा लगाउने, काम नपररी बाहिर नजानेलगायत उपाय अपनाउन सकिने प्रमुख शर्माले बताए । चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी संक्रमण हुने भएकाले आवश्यक सचेतना अपनाउन उनले सबैलाई आग्रह गरे ।

बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।
**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।
**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?
**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउने भ्याइदैन ।
**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।
**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ । गण्डकी प्रदेश

## सीप, रोजगारी, उद्यम ........

आत्मनिर्भरता सुनिश्चित गर्न सक्छ।

हामीले युवालाई हात फैलाउने होइन, हातले अवसर सृजना गर्ने बनाउनुपर्छ । युवालाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सृजना गर्ने बनाउनुपर्छ । युवालाई विदेश जाने बाध्यतामा होइन, नेपालमै सम्भावना देख्ने आत्मविश्वासमा उभ्याउनुपर्छ । परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोडौं। स्थानीय उत्पादनलाई ब्रान्ड बनाऔं। युवाको श्रमलाई सम्मान गरौं। उद्यमलाई प्रोत्साहन गरौं । सीपलाई शिक्षासँग जोडौं। सरकारी नीतिलाई बजार र उत्पादनसँग जोडौं । किनकि नेपालको युवा केवल देशको भविष्य होइन– आजकै नेपालको आर्थिक र सामाजिक परिवर्तनको शक्ति हो। त्यसैले स्पष्टका साथ भन्न सकिन्छ– 'सहज सुविधा होइन– सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।' यही सोचलाई व्यवहारमा उतार्न सकेमा युवा नेपालको समस्या होइन, नेपालको सबैभन्दा ठूलो सम्भावना र शक्ति बन्नेछ ।

आज अन्तर्राष्ट्रिय युवा दिवससमेत भएको सन्दर्भमा हाम्रा युवा केन्द्रित नीति, योजना र कार्यक्रमको समीक्षा गर्दै यसलाई आगामी दिनमा परिणाममुखी बनाउने प्रण गर्ने अवसर पनि हो। सन् २००० देखि संयुक्त राष्ट्रसंघको आह्वानमा अगस्त १२ तारिखका दिन यो दिवस मनाइँदै आएको यो दिवसको यस वर्षको मूल नारा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' रहेको छ । रासस

*(लेखक युवा व्यवसायी हुनुहुन्छ)*

## निर्यातभन्दा ....

कृषि विकास कार्यालयले उत्पादन वृद्धि, व्यवसायीकरण तथा बजार पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। कृषकलाई अनुदान, प्राविधिक सेवा तथा आधुनिक खेती प्रविधि उपलब्ध गराउने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नसके आगामी दिनमा आयात प्रतिस्थापनसँगै निर्यात वृद्धि गर्न सकिने विज्ञहरूको भनाइ छ।

## तनहुँको वार्षिक प्रगति ......

गाउँपालिकाको कार्यालयसम्म विहीबार जीपमा सवारी गर्दै उनले ग्रामीण क्षेत्रमा जीप सफारीबाट पर्यटक आकर्षित गर्न सकिने बताए।

उनले भने, 'नेपालका थुप्रै पहाडी थुम्कामा यस्ता जीप सफारीबाट पर्यटन प्रवर्द्धन गर्दै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिन्छ ।' जीप सफारी सञ्चालनका लागि खरिद गरिने सवारीमा भन्सार शुल्क सस्तो बनाउन पहल गर्ने उनले प्रतिबद्धता जनाएका छन् । बन्दीपुर भिलेज सफारीका सञ्चालक वसन्त पौडेलले जीप सफारीका लागि खरिद गरिने सवारीमा भन्सार शुल्क छुट दिन आग्रह गरेका थिए। बन्दीपुर हुँदै मिनीग्रेटवाल, तीनधारा, सहिद स्मारक, धरमपानी, रूम्सी घरबासलगायत ठाउँमा जीप सफारीमार्फत पर्यटकले भ्रमण गर्दै आएका छन् ।

**जनताका चाहना असीमित, स्रोत सीमित छ**

यस्तै, अर्थमन्त्री डा वाग्लेले जनताको आधारभूत आवश्यकता पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । तनहुँको व्यास नगरपालिका–१० दुम्सीमा विहीबार मतदातासँगको भेटघाटमा उनले सीमित स्रोतसाधनकाबीच जनताका अपेक्षा पूरा गर्न सरकार क्रियाशील रहेको जानकारी दिए । अर्थमन्त्री वाग्लेले भने, 'बजेटका सीमाहरू छन्, रकम थोरै छ । जनताका अपेक्षा धेरै छन् । जुन बस्तीमा पुगेपनि जनताले खानेपानी, सडक, विद्यालय, स्वास्थ्यचौकी, तटबन्धन, खेलमैदानका माग गर्नुहुन्छ, सरकारले सक्दो त्यसलाई सम्बोधन गर्न प्रयास गरिरहेको छ।'

तनहुँको विकासका लागि आफू प्रतिबद्ध रहेको बताउँदै उनले यसपटकको बजेट वितरणमा न्यायोचित गर्न पहल गरिएको जानकारी गराए । उनले भने, 'तनहुँका जनताले आफूलाई दुई पटक प्रतिनिधिसभा सदस्यमा विजयी गराएको स्मरण गर्दै अर्थमन्त्री वाग्लेले त्यस कार्यमा जिल्लाबासीले लगाएको गुन र ऋण कहिल्यै बिर्सिन सक्दिन ।' उनले दुम्सीमा खानेपानी र तटबन्धनका विषयमा सम्बन्धित मन्त्रालयसँग छलफल गरी काम अगाडी बढाइने बताएका छन् । त्यसअवसरमा स्थानीयवासीले दुम्सीका ५०० घरधुरीमा खानेपानीको समस्या रहेकोबारे उनलाई जानकारी गराइएको थियो ।

नेपाल सरकार
जिल्ला प्रशासन कार्यालय
तनहुँ

सार्वजनिक सूचना

*सूचना प्रकाशित मिति : २०८३/०४/२९*

यस कार्यालयमा मिति २०६९/१२/२६ गते दर्ता नं. २३८४ मा दर्ता भएको **श्री नमुना आमा समुह शुक्लागण्डकी–११, अलैचे तनहुँ (प्यान नम्बर: ६१२७१५६०४)** नामक संस्थाले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त संस्थासंग कोही कसैको कुनै हकदावी भएमा प्रमाण सहित हक दावीको लागि ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त संस्थाको दर्ता नियमानुसार खारेज गरिनेछ ।

विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२





**घरदैलोमै स्वास्थ्य सेवा** : तनहुँको भिमाद नगरपालिका–१ हिस्किथरका ज्येष्ठ नागरिकलाई घरदैलोमै पुगेर प्राथमिक स्वास्थ्य सेवा उपलब्ध पश्चात सामुहिक तस्विर खिचाउँदै किहुँ स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी र स्थानीय । *तस्विर : भञ्ज्याङ*

# देउवाको पुनरागमन : वक्तव्य नरम, मन्तव्य गरम

**नकुल अर्याल**/काठमाडौं

पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा साढे ५ महिना लामो विदेश बसाइँ टुङ्ग्याउँदै बिहीबार स्वदेश फर्किए । गत भदौ २४ गते जेनजी आन्दोलनको क्रममा बुढानीलकण्ठस्थित निवासमा भौतिक आक्रमणमा परेका देउवा गत फागुन १३ गते सिङ्गापुर गएका थिए। उतैबाट हङकङ पुगेका देउवा स्वदेश फर्कँदा नेपाली कांग्रेसका नेताहरु एवं शुभेच्छुकहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे ।

देउवाका अनिच्छाका बाबजुद गत पुस २७ मा कांग्रेसको विशेष महाधिवेशन सम्पन्न भएको थियो । विशेष महाधिवेशनले गगन थापाको नेतृत्वमा कार्यसमिति चयन गरेपछि चर्किएको कांग्रेस विवाद अझै मत्थर भएको छैन । केही दिनअघि सर्वोच्च अदालतले विशेष महाधिवेशनलाई वैधानिकता दिने फैसलाविरूद्ध देउवाले दिएको पुनरावलोकन निवेदनलाई निस्सा दिएको थियो । यस्तो पृष्ठभूमिमा देउवाको आगमन र देउवा पक्षको राष्ट्रिय भेलाले कांग्रेसको आन्तरिक राजनीतिलाई गम्भीर मोडमा ल्याइपुऱ्याएको छ ।

**विदेश जानुअघि के भयो?**

गत भदौ २४ मा आफ्नै निवासमा भएको सांघातिक आक्रमणले देउवा दम्पत्ती नै गम्भीर घाइते भएका थिए। लामो समय स्वदेशमै उपचार गराएका देउवा असोज २८ गते कांग्रेस केन्द्रीय समितिको बैठकबाट सार्वजनिक भएका थिए । सोही बैठकमा लिखित मन्तव्य राख्दै देउवाले सभापतिको सक्रिय भूमिका त्यागेको घोषणा गरे। उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिँदै देउवाले जेनजी आन्दोलनले उठाएका अभिव्यक्ति स्वतन्त्रता, सुशासन र भ्रष्टाचारीमाथिको कारबाहीका मागमा आफ्नो समर्थन रहेको उल्लेख गरेका थिए ।

केन्द्रीय समितिमा लिखित वक्तव्य दिँदै देउवाले १५औं महाधिवेशनबाटै नेतृत्व हस्तान्तरण गर्न चाहेको स्पष्ट गरेका थिए । खड्कालाई कार्यवाहक दिएपछि देउवा उपचारका लागि गत कात्तिक १० मा सिङ्गापुर गए । १८ दिनको उपचारपछि कात्तिक २८ मा स्वदेश फर्किएका देउवाले राजनीतिक भेटघाटलाई तीव्रता दिएका थिए ।

देउवाको अनुपस्थितिमा कांग्रेसभित्र विशेष महाधिवेशनको माग चर्को भइसकेको थियो । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरुले हस्ताक्षरसहित विशेष महाधिवेशन माग गरेको विषयमा केन्द्रीय समिति अनिर्णीत थियो। तत्कालीन संस्थापन पक्षले अस्वीकार गरेपछि पुस २७ गते तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अग्रसरतामा भृकुटीमण्डपमा विशेष महाधिवेशन आयोजना भयो ।

त्यसबाट निर्वाचित गगन नेतृत्वको कार्यसमितिले माघ १ गते निर्वाचन आयोगको वैधानिकता पायो। गगनकै नेतृत्वमा कांग्रेसले चुनाव लडिरहँदा देउवा भने मतदानको ९ दिनअघि फागुन १३ मा उपचारका लागि पुनः सिङ्गापुर गए। त्यसयता देउवा दम्पत्तिविरूद्ध सरकारले सम्पत्ति शुद्धीकरणलगायतका कसुरमा अनुसन्धान अगाडि बढाएको छ ।

पक्राउ पुर्जीसमेत जारी भएको अवस्थामा देउवा स्वयंले वारेसमार्फत सर्वोच्च अदालतमा सरकारविरूद्ध मुद्दा दिए । गत जेठ ११ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेको इजलासले देउवा दम्पत्तिलाई पक्राउ नगर्न आदेश जारी गऱ्यो । साढे ५ महिनापछि स्वदेश फर्किएका देउवामाथि धरपकड हुनसक्ने आशंकाबीच उनी प्रहरीकै सुरक्षा घेरामा विमानस्थलबाट बाहिरिए । जहाँ उनलाई निवर्तमान कार्यवाहक सभापति



पूर्णबहादुर खड्कासहित नेताहरु डा. शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्ण सिटौला लगायतले स्वागत गरे । देउवा विमानस्थलबाट बाहिरिँदा उनका समर्थकहरुले बाजागाजा र झाँकीसहित ऱ्याली समेत निकालेका थिए ।

**बदलिएको कांग्रेसमा नअटेका देउवा**

नेपाली कांग्रेसको पहिचान अहिले 'बदलिएको कांग्रेस' भएको छ । गत निर्वाचनमा कांग्रेसले आफैलाई बदलिएको ब्राण्डिङ गर्न 'बदलिएको कांग्रेस' को प्रयोग गरेको थियो । देउवाको ईच्छाविपरीत भएका कारण विशेष महाधिवेशनमा उनको समर्थन र सहभागिता रहने कुरै भएन । त्यसैले विशेष महाधिवेशनयताको कांग्रेस मूलधारसँग देउवा जोडिएका छैनन् । विगतमा देउवासँग रहेका कतिपय नेताहरूले विशेष महाधिवेशनलाई स्वीकार गरे पनि देउवाले त्यस विरूद्ध कानुनी लडाइ जारी राखेका छन् ।

निर्वाचन आयोगको निर्णयविरूद्ध सर्वोच्च अदालतमा देउवाले दिएको रिट गत वैशाख ४ गते खारेज भएको थियो । यसबाट देउवा पक्ष राजनीतिक संकटमा परेको थियो । यसबीचमा भएका संवादले सार्थकता नपाउँदा देउवाले विदेशमा रहेरै सर्वोच्चको सो फैसला पुनरावलोकनका लागि निवेदन दिए । प्रधानन्यायाधीश मनोज शर्मा नेतृत्वको पूर्ण इजलासले पुनरावलोकनका लागि निस्सा दिएको सातौं दिन देउवा काठमाडौं आइपुगेका छन् । उनको आगमनले उनी निकट समूहमा उत्साह त छाएकै छ, कांग्रेसको आधिकारिता विवाद अझ पेचिलो ढङ्गले जाने सम्भावना पनि बढेको छ । कांग्रेसले देउवाको स्वदेश फिर्तीलाई खासै औपचारिकता दिएको छैन । बिहीबार जारी केन्द्रीय समिति बैठकमा सभापति गगन थापाले निवर्तमान सभापति देउवालाई स्वास्थ्यलाभको कामनासहित स्वागत गर्ने बताएका छन् ।

**नरम वक्तव्य, कडा मन्तव्य**

विगत ३५ वर्षयता देउवाको पहिचान सधैँ सत्ता र शक्तिसँग जोडिएको छ। विद्यार्थीकालमा संघर्ष गरे पनि संसदीय कालमा देउवा सधैँ विवादित रहे। गठबन्धन सरकार बनाउन र ढाल्न चतुर खेलाडीको रूपमा देउवाको पहिचान स्थापित छ। जेनजी आन्दोलनअघि पनि देउवाकै समर्थनमा केपी शर्मा ओली नेतृत्वको सरकार थियो ।

आन्दोलन नभएको भए गत असारमा देउवाको प्रधानमन्त्री बन्ने पालो थियो। २०४८ सालदेखियताका सबै निर्वाचनमा डडेलधुराबाट जितेका देउवा गत फागुनको निर्वाचनमा भने उम्मेदवारसमेत बनेनन् । साढे ५ महिना लामो विदेश बसाइ टुंग्याएर फर्केसँग देउवाले राजनीतिक वक्तव्य जारी गरे । जहाँ उनले आफ्नो व्यक्तित्व, पहिचान र प्राथमिकतामा बदलावको संकेत दिए ।

उनले आफू नेता बन्न नभएर महान् राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको बताएका छन् । देउवालाई आफूलाई विनम्र रूपमा प्रस्तुत गर्दै शक्ति प्राप्त गर्न नभएर राष्ट्रिय एकता सुदृढ गर्न स्वदेश फर्किएको बताएका छन्। 'म शक्ति प्राप्त गर्न होइन, राष्ट्रिय एकता सुदृढ गर्न फर्किएको छु । विगतका विभाजन र विद्वेषका घाउहरु निको पारौँ। प्रतिशोध होइन, मेलमिलापको मार्ग रोजौँ', देउवाले भनेका छन्।

उनले निर्वाचनबाट आकार घटे पनि कांग्रेस मुलुकको मियो रहेको उल्लेख गर्दै कांग्रेसमा रहेको असहमति र निराशा तुरून्तै समाधान गर्नुपर्नेमा जोड दिएका छन् । कांग्रेसमा युवाहरु अघि बढ्नुपर्ने तर पाका र अनुभवी सबैलाई खराब करार गर्न नहुने देउवाले उल्लेख गरेका छन् ।

देउवाको बदलाव वक्तव्यमा देखिएको छ। तर व्यवहारमा उनले अब के गर्लान् ? भन्नेमा धेरैको चासो छँदैथ्यो । यो चासोको जवाफ पनि उनले तत्कालै दिइहाले । बिहीबार नै चुनदेवीस्थित कार्यालयमा आफूलाई कांग्रेसको सभापतिका रूपमा प्रस्तुत गर्दै देउवाले कडा मन्तव्य दिए । वक्तव्यमा नरम देखिएका देउवाले मन्तव्यमा कडापन देखाउँदै आफू शान्त नरहने संकेत गरे । देउवाको मन्तव्यको संकेत सरकारविरूद्ध देखिए पनि पार्टीको आन्तरिक सवालमा पनि उनले प्रतिवादको संकेत गरेका छन् । 'मविरूद्ध धेरै षड्यन्त्र हुँदै आएको छ। विगतमा पनि अदालतबाट न्याय पाएको हुँ , अब पनि न्याय पाउने विश्वास छ । राजा ज्ञानेन्द्रले त सकेन, यिनीहरूले सक्छन् ?', देउवाले प्रश्न गरे ।

उनले अदालतबाट न्याय मिल्ने भन्दै पार्टी विवादमा पनि आफ्नो पक्षले जित हासिल गर्ने आशय व्यक्त गरे। कांग्रेस नेतृत्वको वैधानिकता विवाद पुनः सर्वोच्च अदालतमा विचाराधीन छ। शुक्रबारदेखि सुरू हुने संस्थापन इतर पक्षको राष्ट्रिय भेलाले पनि कांग्रेसको विवादमा अझ तित्तता बढाउने सम्भावना छ ।

सो भेलामा सहभागी नहुँदै देउवाले देखाएको शैलीले नेपाली राजनीतिमा 'नयाँ कोर्स' को प्रयत्न त भइरहेको छैन ? भन्ने प्रश्न गर्नेहरूलाई बल पुऱ्याएको छ । देउवाले वक्तव्यमा पार्टी एकता र हार्दिकताको कुरा गरे पनि मन्तव्यमा देखाएको 'कडापन' ले कांग्रेसमा निकासको सम्भावना लगभग टरेको देखिन्छ । नेपालप्रेसबाट

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

दिगो विकास
दिगो विकासका आर्थिक, सामाजिक र वातावरणीय आयामहरु छन्। तर आर्थिक दिगोपनविना वातावरणीय र सामाजिक दिगोपनका लागि आवश्यक भौतिक आधार तयार हुन सक्दैन। आर्थिक दिगोपनको केन्द्रमा उत्पादन क्षमता (productive capacity) रहन्छ, जसले प्रभावकारी संस्थामार्फत प्राकृतिक, मानवीय र भौतिक स्रोत परिचालन गरी समाजलाई आवश्यक वस्तु तथा सेवा उत्पादन गर्छ ।
श्रम र प्रतिभा निर्यातबाट प्राप्त रेमिट्यान्सले आवश्यक वस्तु आयात गर्ने नेपालको वर्तमान शैली मूलभूत रूपमै दिगो छैन । तर हाम्रो 'दिगो विकास' को बहस र प्राथमिकता भने 'विकास' बिनाको 'दिगो'प्रतिको ओठेभक्तिमा सीमित हुँदै गएको छ ।



**Rajjit ? ????**
x.com/RajjitC

तिमीबाट टाढा भएपछि थाहा भयो,
विछोड दूरीको नाम मात्र रहेनछ,
यो त हरेक सास सँग बाँचिरहने
एउटा अधुरो कथा रहेछ।

अब त आँधी सँग पनि डर लाग्दैन,
किनकि तिमीले छोडेर गएको खालीपन भन्दा
ठूलो कुनै तूफान रहेनछ ।

तिमीलाई बिर्सिएँ भनेर
जमाना सामु मुस्कुराइरहेँ,
तर मनलाई कसरी सम्झाऊँ,
जसलाई भुल्न खोज्छु,
उही त हरेक मौनतामा झन् गहिरो भएर आउँछ।

अब मृत्युको चाहना छैन,
बस् यही चाहना छ,
कुनै जन्ममा भए पनि
हाम्रो प्रेम अधुरो नरहोस्,
र तिमीलाई गुमाएको यो मनले
एकपटक फेरि तिमीलाई
आफ्नै भनेर बोलाउन पाओस्।

# दमौलीमा व्यास अचार तथा रैथाने खाद्य उद्योग सञ्चालनमा

**भञ्ज्याङ समाचारदाता**/दमौली

दमौलीमा व्यास अचार तथा रैथाने खाद्य लघु उद्योगको औपचारिक रूपमा सञ्चालनमा ल्याइएको छ । उद्योग उद्घाटन अचारजन्य परिकारको उत्पादनमार्फत स्वरोजगार सिर्जना गर्ने उद्देश्यले उद्योग सञ्चालनमा ल्याइएको उद्योग सञ्चालक दिदीबहिनीहरूले बताएका छन्।

उद्योग उद्घाटनका अवसरमा




कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, उपप्रमुख इन्दिरा दरै, व्यास नगरपालिका–३ का वडाध्यक्ष तथा वडा सदस्यसहित विभिन्न टोलका स्थानीयवासीले यो उद्योगलाई व्यवस्थि रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

स्थानीयस्तरमा उपलब्ध रैथाने खाद्यवस्तुको प्रवर्द्धन तथा उपस्थित भएर हौसला तथा शुभेच्छा प्रदान गर्ने नगर प्रमुख, उपप्रमुख, जनप्रतिनिधि, स्थानीयवासी तथा शुभेच्छुकप्रति उद्योग सञ्चालक दिदीबहिनीहरूले आभार व्यक्त गरेका छन्। उद्योगले स्थानीय उत्पादनको प्रयोग, रैथाने खाद्य संस्कृतिको संरक्षण तथा महिला उद्यमशीलताको प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४